# मन्थन

पुस्तक समीक्षा

## शिक्षकका निम्ति विशेष उपयोगी कृति

पुस्तक : *हे कृष्ण !*
लेखक : भूचन्द्र बैद्य
प्रकाशक : एडुकेशनल पब्लिशिङ्ग हाउस, काठमाडौं, २०७४
पृष्ठ : ६२२+
मूल्य : रू. ५९५/-
ISBN : 978-9937-551-88-5 (PB)
978-9937-551-87-8 (HB)


समीक्षक : **कृष्ण खनाल**

सामान्यत: सांसारिक जीवन भोगमा रहेका मानिसमा आध्यात्मिक कृति पढ्ने चलन पाइन्न। धेरैले यसलाई 'पोस्ट-रिटायरमेन्ट' बसिबियाँलोका रूपमा लिने गरेका छन्। तर सांसारिक जीवन भोग र कर्मकै क्रममा यस्तो अध्ययन र चिन्तन अरु बढी उपयोगी हुन्छ। भगवद्गीता यस्तो एउटा विषय हो, जसको अध्ययन-मनन कुनै उमेर र पेशा वा व्यवसायसँग सीमित छैन। शिक्षक र राजनीति गर्नेका लागि यो अरु महत्त्वको छ। यस्ता कृतिको अध्ययनले मानिसमा अनावश्यक लोभलालच, द्वेष, हिंसाबाट मुक्त रहँदै सबै अवस्थामा समभाव राख्ने स्वभाव र चिन्तनको विकास गर्छ। यस सम्बन्धमा प्राध्यापक भूचन्द्र बैद्यका कृतिहरू अध्ययनीय र मननीय छन्।

अर्थशास्त्रमा विद्यावारिधि गरेका भूचन्द्र बैद्य तीन दशकभन्दा लामो समय त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक थिए। आफ्नो विषयमा उनले राष्ट्रिय/अन्तर्राष्ट्रिय ख्याति पनि पाएका छन्। प्राध्यापनका अतिरिक्त उनी योजना, विकास, शिक्षा नीति लगायतका विषयमा अन्तर्राष्ट्रिय विज्ञका रूपमा चिनिन्छन्। व्यावसायिक व्यस्तता र भौतिक सुविधा–सम्पन्नताको एउटा उँचाइपूर्ण जीवन थियो उनको। तर एक दशक यता उनले एउटा छुट्टै पहिचान बनाएका छन्– अध्यात्म शोध, साधना र निष्काम कर्म एवं सादगी जीवनको। घरमै छन् तर वानप्रस्थी जस्तो लाग्छ उनको जीवन।

भूचन्द्रको पछिल्लो पुस्तक *'हे कृष्ण !'* मा केन्द्रित भएर मैले यहाँ केही चर्चा गर्न खोज्दैछु। यसअघि उनका गीताका बारेमा अनुवादसहित व्याख्या र विश्लेषणात्मक पुस्तकहरू प्रकाशित भइसकेका छन्। २०६७ सालमा *'भगवान् भन्नुहुन्छ... श्रीभगवद्गीता'*, २०६८ मा अंग्रेजी भाषामा *'एसेन्स अफ द गीता'*, २०७१ मा संस्कृतको मूलपाठ सहित नेपाली र अंग्रेजीमा अनुवाद र व्याख्यात्मक टिप्पणी भएको *'भगवद्गीता द सङ्ग सुप्रिम'* प्रकाशित भएका छन्। खास गरेर प्राज्ञिक पृष्ठभूमिका जिज्ञासु पाठकबीच यी पुस्तकले विशेष चर्चा पाएका छन्। यसरी एउटा अलि बेग्लै तर महत्त्वपूर्ण पाठक वर्गमा गीता र अध्यात्मको सन्देश पुऱ्याउन सफल भएका छन् भूचन्द्रका यी पुस्तक। *एसेन्स अफ द गीता* कलेज/विश्वविद्यालयमा पढ्ने युवा पाठक लक्षित हो भनेर लेखक आफैंले भनेका छन्।

कृष्ण कथा सनातनदेखि सुन्दै, जान्दै आएको हो। यसबारेमा लेखिएका तमाम पुस्तकहरूको आदि स्रोत श्रीमद्भागवत हो। तर *'हे कृष्ण !'* मा केवल कृष्णलीलाको वृत्तान्त मात्र छैन। कृष्णलीला र दर्शनमाथि लेखक बैद्यको थप चिन्तन र व्याख्या पनि छ। यो कृति अनुसन्धानमूलक पनि छ। लेखकले यहाँ कृष्ण लीला व्याख्यानको सन्दर्भमा वर्णित कतिपय चमत्कारिता र व्यावहारिक संभावनाका पक्षबीच सन्तुलित विवेचना दिन खोजेका छन्। परिघटनाको मायावीकरण भन्दा मान्छे आफैंभित्र निर्माण हुने मनोदशा र भ्रमलाई लेखकले छुट्याउने प्रयास गरेका छन्। कृष्णका बारेमा लेखिएका दुर्लभ पुस्तक/सामग्रीहरूको समेत खोजी गर्दै त्यसबाट प्राप्त थप जानकारी पनि यसमा समेटिएका छन्। त्यसैले पढ्दै जाँदा पहिले कहिल्यै नसुनेका कृष्ण सम्बन्धी कुरा कसरी आए भन्ने पनि पाठकलाई लाग्न सक्छ। ती नयाँ जानकारीको आधार र स्रोतका निम्ति लेखकले सन्दर्भ सूची दिएका छन्।

महाभारतको समय आजभन्दा करीब पाँच हजार वर्ष पहिलेको मानिन्छ। यो मात्र पौराणिक कथा हो वा यथार्थ घटना, बहस र विवाद गर्न सकिन्छ। कृष्णका कतिपय लीला मायावी प्रकृतिका छन्। भक्ति र आस्था निरपेक्ष भएर हेर्नेले समग्र भागवतलाई पौराणिक आख्यान भनेर पनि लिन सक्छन्। तथापि त्यसमा खासगरी महाभारतमा वर्णित समाज र भूगोललाई कसैले नकार्न सक्तैन। मानिसको आवादी नभई समाज बन्दैन।


**शिक्षक र राजनीति गर्नेका लागि *हे कृष्ण !* अरु महत्त्वको छ। यस्ता कृतिको अध्ययनले मानिसमा अनावश्यक लोभलालच, द्वेष, हिंसाबाट मुक्त रहँदै सबै अवस्थामा समभाव राख्ने स्वभाव र चिन्तनको विकास गर्छ। यस सम्बन्धमा प्राध्यापक भूचन्द्र बैद्यका सबै कृति अध्ययनीय र मननीय छन्।**

**महाभारतमा राजनीति र शासन/प्रशासनका सिद्धान्त, दर्शन, मूल्य, मान्यता र व्यवहार सबै कुरा छन्। भीष्म, विदुर र युधिष्ठिरका मुखबाट राजनीतिशास्त्र बर्सिएको छ। यसका कतिपय निचोडहरू अहिले पनि उत्तिकै सान्दर्भिक छन्।**

भूचन्द्र बैद्यका गीता र गीतामा आधारित कृतिहरू।

कृष्णको समय जटिल र पेचिलो छ। अहिलेका मानव प्रवृत्ति र व्यवहार सबै झल्किने गरी प्रकट भएका छन्।

दश खण्ड र अनेकौं उपखण्डमा संगठित *हे कृष्ण !* पुस्तकले कृष्णगाथाको बृहत् पक्षलाई समेटेको छ। आवश्यक ठाउँमा लेखकले आफ्नो बुझाइ र व्याख्या राख्न भ्याएका छन्। अत्यन्तै सरल र प्रष्ट नेपालीमा लेखिएको हुनाले पाठकले यसको सरस आनन्द लिनुका साथै यसमा अन्तर्निहित दर्शन, मूल्य, जीवन पद्धति र संस्कारप्रति सचेतना बोध समेत गर्न सक्छन्। पढ्दै जाँदा आफ्नै जीवन, प्रवृत्ति, कर्म र व्यवहारका भित्री पाटाहरू खुल्छन्। आत्मसमीक्षा हुन्छ।

कृष्णलीलामा निष्ठा र भक्तिले निमग्न हुने पाठकको रुचि हुने नै भयो। अध्यात्म ज्ञान र शिक्षाबाट टाढा रहेका पाठकका लागि यो अरू पठनीय छ। धर्म र भक्तिका चलनचल्तीका कुराबाट अलि फरक भएर हेर्ने हो भने समाजको अग्रपङ्तिमा रहेका नीतिनिर्माता, विचार-मत निर्माता र त्यसको व्यवस्थापनमा लागिपरेका नेता, प्रशासक, बौद्धिक वर्ग सबैले मनन गर्नैपर्ने विषय हो यो। पुस्तकले त्यो अवसरलाई अरू सहज र फराकिलो बनाएको छ।

बलपूर्वक सत्ता कब्जा गर्नेहरू क्रूर र निरंकुश हुन्छन्। कंस, जरासन्ध त्यो प्रवृत्तिका प्रतिनिधि पात्र हुन्। उनीहरूको शासनलाई अहिलेको भाषामा फासिस्ट राज भनिन्छ। तथापि, कृष्ण, बलरामको लोकप्रियता बुझेर कंस जस्तो फासिस्ट शासक पनि गोकुल वृन्दावनमा सैनिक कारबाही गर्न र मथुरामा पुगेपछि उनीहरूलाई गोप्य रूपमा मार्ने षडयन्त्र गर्न हच्किन्छन्। जनताको डर जस्तोसुकै क्रूर शासकलाई पनि हुँदोरहेछ।

द्वारका र इन्द्रप्रस्थको निर्माणले राजनीति र विकासको सम्बन्ध देखाउँछ। मथुरा र गोकुल, वृन्दावनले शहर र गाउँको प्रतिनिधित्व मात्र गरेका छैनन्, शहरमा हुने जालझेलपूर्ण अभिजात्य स्वार्थ र गोकुल/वृन्दावनका गाउँलेहरूमा छलकपटबाट टाढा, अबोध तर अगाध ममत्त्व र प्रेमभावको वर्णन उत्तिकै मार्मिक छ। गोकुल/वृन्दावनले राज्यविहीन प्राकृतिक समाजको परिचय दिन्छ। यो कृष्णको प्रेम र रासलीला केन्द्र हो। मथुरा र हस्तिनापुर राजलीला अर्थात् राजनीतिको केन्द्रमा छन् जहाँ सत्ता, शक्ति वैभवको चक्करले सबैलाई घुमाउँछ। द्वारकाले कृष्णको कल्पनाको एउटा आदर्श नमूना गणराज्य प्रस्तुत गर्छ।

महाभारतको युद्ध मानसिकता बडो विडम्बनापूर्ण छ। कौरव पक्षकै कतिपय हस्तीहरू पनि पाण्डवको विजय चाहन्छन्। विदुर केही मात्रामा निरपेक्ष रहे पनि भीष्म र द्रोणमा सत्तानिष्ठाको बन्धन र विवेक एवं नैतिक विरोधाभासको चरमोत्कर्ष भेटिन्छ। पाण्डवको चुनौतीमा उभिनेको निरपराध नै भए पनि औंलादखि गर्धनसम्म छिनिएका छन्। महाभारतको युद्ध धर्मयुद्ध मात्रै थिएन। अभिमन्यु, भीष्म, कर्ण, दुर्योधन लगायतका महावीरहरू प्रायः सबै धर्मयुद्धको मान्यता विपरीत मारिएका छन्। युद्धरत पाण्डव वा कौरव कसैको विरुद्ध हतियार उठाउँदिन भन्ने स्वयं कृष्ण पनि चोखा छैनन्। त्यतिबेला धर्म, न्याय र आदर्शको खोजी हुन्थ्यो तर समाज अधर्म, अन्याय, लोभलालचबाट मुक्त पनि थिएन।

महाभारत आफैंमा बृहत् राजनीतिशास्त्र हो, व्यापक भण्डार नै हो। यसमा राजनीति र शासन/प्रशासनका सिद्धान्त, दर्शन, मूल्य, मान्यता र व्यवहार सबै कुरा छन्। भीष्म, विदुर र युधिष्ठिरका मुखबाट राजनीतिशास्त्र बर्सिएको छ। यसका कतिपय निचोडहरू अहिले पनि उत्तिकै सान्दर्भिक छन्।

कुरुक्षेत्रको युद्ध राजनीतिक द्वन्द्वको चरमोत्कर्ष हो। द्वन्द्व एकपक्षीय हुँदैन। यसका विविध पक्ष र कारण हुन्छन्। समयमै त्यसको विवेकपूर्ण निदान र उपचार भएन भने बल प्रयोग अर्थात् युद्ध अपरिहार्य हुन्छ। हिंसा र बल प्रयोग अर्थात् युद्धको अवस्था आउन नदिन कृष्णले गरेको प्रयत्न हिजोआज क्रान्ति, आन्दोलन वा विद्रोहको सस्तो कुरा गर्नेहरूले एक पटक मनन गरे हुन्थ्यो। यो पुस्तक पढ्दै गर्दा आफ्नै मुलुक नेपाल लगायत विश्वका कैयौं देशहरूले भोगेका आन्तरिक द्वन्द्वको ताजा स्मरण गराउँछ।

अन्त्य समयमा कर्ण र भीष्मले भनेका कुराहरू अहिलेको राजनीतिमा अझ बढी अर्थ लाग्छन्। कर्ण दुर्योधनलाई भन्छन्, 'मित्र, यो पनि मेरो, त्यो पनि मेरो भनी सधैं सबै कुरा ओगटेर बस्न खोज्नु निरर्थक हुँदोरहेछ।' भीष्म अर्जुनलाई सम्झाउँछन्, 'वृद्ध पुस्ता आफैं पाखा लाग्न जान्नुपर्छ। सत्ता नयाँमा पुस्तान्तर हुनुपर्छ।' आजीवन राजकीय सुविधाको चाहना राख्ने र त्यसैमा लिप्त रहने अहिलेका धेरै नेताहरूका लागि यो मार्मिक सन्देश पनि हो।

महाभारत भित्री बाहिरी दुवैथरी द्वन्द्वको प्रयोगशाला नै हो। यसका प्रमुख पात्रहरू अर्जुन, भीष्म, युधिष्ठिर, द्रोण आफैंमा भित्री र बाहिरी युद्धको व्यथा अर्थात् धर्मसंकटबाट ग्रसित थिए। अत्यन्त सटिक भाषामा लेखक थप स्पष्ट पार्छन्, 'सत्कर्मी र सदाचारीहरू नै धर्मसंकटमा पर्छन्।' धृतराष्ट्र, दुर्योधन, शकुनि सत्कर्मी थिएनन्, न धार्मिक र ज्ञानी नै थिए। त्यसैले उनीहरूमा यो समस्या थिएन। कर्म साधनाका लागि सबैभन्दा पहिले आफैंभित्रको युद्ध जित्नु जरूरी छ। कृष्ण र अर्जुनको गीता संवाद यसको दृष्टान्त हो।

*खनाल राजनीतिशास्त्री हुन्।*

# हिन्दुत्ववादको लेखागार




**पुस्तक** : *गीता प्रेस एण्ड द मेकिङ्ग अफ हिन्दू इन्डिया*
**लेखक** : अक्षय मुकुल
**प्रकाशक** : हार्पर कोलिन्स, भारत, २०१५
**पृष्ठ** : ५४०+
**मूल्य** : ७९९ भारू (हार्ड कभर)
P-ISBN : 978-93-5177-230-9
E-ISBN : 978-93-5177-231-6

**समीक्षक** : **उज्ज्वल प्रसाई**

हिन्दुत्ववाद राजनीतिक विचारधारा हो। सो विचारधाराको आधारभूमि हिन्दू धर्म भएकाले भारतका बहुसंख्यक मानिस हिन्दुत्ववादी राजनीतिबाट प्रभावित छन्। त्यति मात्र होइन, हिन्दुत्ववादी राजनीति वर्तमान भारतीय सत्ताको मियो बनेको छ। सो विचारधाराको फैलावट र सफलता भारतीय लोकतन्त्रका लागि खतरा भएको उदारवादी र वामपन्थीहरूको निचोड छ। हिजो जरा गाड्दै गएको भनेर दाबी गरिएको भारतको लोकतन्त्रमाथि हिन्दुत्ववादको प्रभाव सवार भएपछि उनीहरू चिन्तित छन्। त्यसैले हिन्दुत्ववादबारे अध्ययन गर्न उत्प्रेरित भएका छन्। पत्रकार तथा अन्वेषक अक्षय मुकुलको कृति *गीता प्रेस एण्ड द मेकिङ्ग अफ हिन्दू इन्डिया* त्यही चिन्ता र उत्प्रेरणाको दसी हो।

भारतीय जनता पार्टीका नेता नरेन्द्र मोदीको राष्ट्रिय राजनीतिमा उदयसँगै राष्ट्रिय स्वयं सेवक संघ (आरएसएस) जस्ता संस्थालाई भारतीय समाजले अझै सान्दर्भिक मानेको पुष्टि भएको छ। उत्तर प्रदेशमा आदित्यनाथ जस्ता कट्टर हिन्दुत्ववादीको विजयले उदारवादी र वामपन्थी पार्टीका कमजोरी मात्रै उजागर गरेको छैन, भारतीय समाजलाई सदैव गाँजेको *'हिन्दू मेजोरिटेरियन एरेगोन्स'* (अन्य समुदाय विरुद्ध बहुसंख्यक हिन्दूहरूको अहंकार) पनि सतहमा प्रकट भएको छ। त्यो अहंकार सामान्य र प्राकृतिक परिघटना होइन। बरू सामूहिक र संगठित प्रयत्न मार्फत हुर्काइएको खास ऐतिहासिक अवस्था हो। यस्तो अवस्थासम्म पुग्न गरिएका धेरै काममध्ये बौद्धिक अभ्यास र प्रकाशन पनि हो। हिन्दुत्ववादको सम्वर्द्धनका लागि गरिएका तिनै बौद्धिक अभ्यास, प्रकाशन र 'प्रोपोगान्डा' बारे अन्वेषण गर्ने ध्येयले मुकुलले 'गीता प्रेस' लेखेका हुन्।

उत्तर प्रदेशको गोरखपुरमा अवस्थित गीता प्रेस मुकुलको अनुसन्धानको मुख्य क्षेत्र हो। सो प्रेसका निजी कागजात, उसले प्रकाशन गरेका पत्रिकाका पुराना अङ्क र अन्य सन्दर्भ सामग्रीहरूको गहिरो अध्ययनको निचोड किताबमा प्रस्तुत गरिएको छ। साथै, गीता प्रेस र त्यसका विभिन्न प्रकाशनमा संलग्न मुख्य व्यक्तिका जीवनी पनि उनको अध्ययनको विषयवस्तु बनेका छन्।

भारतीय र नेपाली हिन्दू धर्मावलम्बीका घरघरमा पुगेका सस्तो मूल्यका धार्मिक किताबहरूको प्रकाशक गीता प्रेस हो। गीता, रामायण, महाभारत, हनुमान चालिसा, सरस्वती वन्दना लगायतका अनेक किताब छापेर वितरण गर्ने काममा गीता प्रेसको अग्रणी भूमिका छ। त्यसका साथै, हिन्दू धर्मको प्रचारार्थ छापिने साना ठूला पर्चाहरूको मुख्य प्रकाशक पनि 'गीता प्रेस' नै हो। गीता प्रेसको मुख्य अर्को काम *कल्याण* नामक पत्रिकाको प्रकाशन र बिक्री-वितरण हो। हिन्दू धर्म, दर्शन र संस्कृतिको क्षेत्रमा काम गर्ने नाम चलेका विद्वानहरूका रचना प्रकाशन गर्ने महत्त्वपूर्ण प्रकाशन हो *कल्याण*। महात्मा गान्धीदेखि एस राधाकृष्णनसम्मले *कल्याण* मा लेखेका छन्।

गीता प्रेसको स्थापना र *कल्याण* जस्ता प्रकाशनको शुरूआत खास उद्देश्य सहित गरिएको थियो। प्रेसलाई व्यावसायिक रूपमा सफल र दिगो बनाउने एवं अनवरत काम गरेर पत्रिका प्रकाशन गर्ने काम चानचुने प्रयत्नबाट सम्भव थिएन। बौद्धिक अभ्यास र लेखनमा रुचि मात्रै भएर धैर्यपूर्वक काम गर्न सकिदैन; त्यसका लागि विचारधाराप्रतिको इमानदारी र अक्षुण्ण लगाव पनि उत्तिकै जरूरी हुन्छ। दुई मारवाडी व्यापारी र हिन्दुत्ववादी विद्वानहरू– हनुमानप्रसाद पोद्दार र जयदयाल गोयन्दकामा एउटा धार्मिक अभियानलाई व्यावसायिक रूपमा समेत सफल पार्न सक्ने लगन, धैर्य र इमानदारी रहेको प्रमाणित भयो। उनीहरूको अथक् प्रयासले नै गीता प्रेस र *कल्याण* पत्रिकाको प्रकाशन हिन्दुत्ववादको बलियो मौलो बन्न पुग्यो।

सन् १८२१ मा शुरू गरिएको सो प्रेस र सन् १८२६ मा शुरू भएको *कल्याण* पत्रिकाको प्रकाशन आजसम्म अविच्छिन्न चालू छ। लेखकले किताबका लागि अध्ययन टुंग्याएको समय सन् २०१४ को शुरूआतसम्ममा गीता प्रेसमा छापिएका ७ करोड २० लाख प्रति गीताका पुस्तक बिक्री भइसकेका थिए। त्यस्तै एक करोड ८० लाखको संख्यामा तुलसीदासका कृति बिक्री भएको तथ्याङ्क छ। त्यसबेलासम्म *कल्याण* पत्रिकाका नियमित ग्राहकको संख्या दुई लाख पुगेको थियो भने सो पत्रिकाको अंग्रेजी संस्करण *कल्याण-कल्पतरु* को ग्राहक संख्या एक लाख थियो।

गीता प्रेसलाई सफलताको यो उँचाइमा पुऱ्याउने दुई व्यक्तित्वका बारेमा पनि पुस्तक लेखकले प्रशस्त जानकारी

**गीता प्रेस हिन्दुत्ववादी आन्दोलनको केन्द्र हो। गीता प्रेस फैलिएर गीता वाटिका नै बन्यो, त्यस्तो वाटिका जहाँ राजनीतिक फूल फुल्छ, ती फूलका वासनाको तीव्र प्रसार हुन्छ र त्यसले सिंगो भारतीय समाजलाई तरंगित तुल्याउँछ।**

**सन् २०१४ को शुरूवातसम्ममा गीता प्रेसमा छापिएका ७ करोड २० लाख प्रति गीताका पुस्तक बिक्री भइसकेका थिए। त्यसबेलासम्म *कल्याण* पत्रिकाका नियमित ग्राहकको संख्या दुई लाख पुगेको थियो।**




गीता प्रेसको एउटा प्रमुख प्रकाशन *कल्याण* मासिक पत्रिका।

बटुलेका छन्। मूलत: व्यापारमा रुचि भएका दुई मारवाडीहरू आखिर कसरी हिन्दुत्ववादी विचारधाराका अनुयायी बन्छन्? अनुयायी मात्र नभई उनीहरूले आफ्नो सिंगो जीवन सनातन हिन्दू धर्ममा आधारित हिन्दुत्ववादी विचारधाराको प्रसार र प्रवर्द्धनमा काम गर्न पुग्नुका कारणहरूको खोजी गरिएको छ। यी दुई साधकहरूको हुर्काइ, व्यक्तिगत संगत, बौद्धिक उन्नयन र निजी जीवनका उतारचढाव मार्फत ती कारणहरूलाई पुस्तकले सतहमा ल्याएको छ।

किताबको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको *कल्याण* पत्रिकाका पुराना र विशेषाङ्कमा प्रकाशित मुख्य सामग्रीको अनुसन्धान हो। साथै, गीता प्रेसले प्रकाशन गरेका मोनोग्राफ शैलीका प्रकाशनहरूको अध्ययन पनि उतिकै रोचक छ। *कल्याण* पत्रिकामा मूलत: भारतीय समाज, हिन्दू संस्कृति, गौ रक्षा, नारी अस्मिता, गर्भपतन, योग र विज्ञान, भारत-पाकिस्तान सम्बन्ध तथा मौलिक भारतीय संस्कार माथि भएका अतिक्रमण जस्ता विषय नै पाठ्य खुराक हुने गर्थे। संस्कृत मिश्रित हिन्दी भाषाको प्रयोग मार्फत ती विषयमा जनमत निर्माण गर्ने कोशिश गरिन्थ्यो। कहलिएका विद्वानहरूले लेखेका सामग्री प्रकाशन गरिने भएकाले हिन्दुत्ववादमा विश्वास नगर्ने तर धर्म एवं दर्शनमा रुचि भएका अध्येताहरूले नियमित रूपमा *कल्याण* पढ्ने गरेका थिए। पछिल्ला वर्षमा प्रकाशित *कल्याण* मा भने उनै पोद्दार र गोयन्दकाले धेरै पहिले लेखेका पुराना आलेखहरूको पुन: प्रकाशन भइरहेको छ।

गीता प्रेसले *कल्याण* पत्रिकाको शुरूआत सँगै छापेका केही कृतिहरू उल्लेख्य छन्। नारी अस्मिताबारे हनुमानप्रसाद पोद्दारले केही मोनोग्राफहरू लेखेका थिए। सबभन्दा पहिले उनले *धर्म प्रश्नोत्तरी* नामको पुस्तिका लेखे जो गीता प्रेसले अद्यापि प्रकाशन र वितरण गरिरहेको छ। सो पुस्तिकामा पोद्दारले महिलाले पूरा गर्ने पर्ने जिम्मेवारीबारे व्याख्या गरेका छन्। त्यसैगरी महिलाका यौनिकता, गृहस्थीका रूपमा निर्वाह गर्नुपर्ने भूमिका, सरसफाइ र समग्रमा समाजका लागि उनीहरूले दिनुपर्ने योगदान बारे पोद्दारले सो पुस्तकमा चर्चा गरेका छन्। पोद्दारसँगै यस्ता विषयवस्तु समेटिएका पुस्तिका तयार पार्नेमा जयदयाल गोयन्दका र स्वामी रामसुखदास समेत थिए। यीनै विषयवस्तु वरपर रहेर सन् १८४८ मा *कल्याण* ले नारी अङ्क समेत प्रकाशन गरेको थियो। नैतिक शिक्षा दिने हेतु उनीहरूले *कल्याण* का शिक्षा अङ्क र बाल अङ्क पनि प्रकाशन गरेका थिए।

गौ रक्षाका खातिर *कल्याण* मार्फत गरिएको पैरवी अर्को उल्लेखनीय पक्ष हो। कानून मार्फत गाईको रक्षा गर्नुपर्नेमा *कल्याण* पत्रिकाले शुरूदेखि नै जनमत निर्माण गर्ने अथक् प्रयास गरेको थियो र अझसम्म पनि गरिरहेको छ। गौ हत्यालाई जघन्य अपराध मान्नुपर्ने र हत्या गर्नेलाई सख्त कारबाही गर्नुपर्ने भन्दै सो माग पूरा नहुँदा आइपर्न सक्ने खतरा समेत औंल्याएर सामग्री प्रकाशन गरिएका थिए। गौ रक्षामा संवेदनशीलता नदेखाउने विरुद्ध पनि गीता प्रेसका लेखकहरू लक्षित थिए। गौ रक्षालाई उनीहरूले संगठित आन्दोलनकै रूप दिएका थिए। मोदीको उदयसँगै गीता प्रेसले सन् १८६० को दशकमा तयार पारेका संकथनको प्रसार पुन: शुरू भएको छ।

विश्व हिन्दू परिषद्को गठन, राम जन्मभूमि अभियान, कृष्ण जन्मभूमि अभियान लगायतका अनेक क्रियाकलापमा गीता प्रेसका प्रकाशकहरूको सक्रिय सहभागिता थियो। ती क्रियाकलापबारे प्रचार एवं तिनलाई बौद्धिक आड दिने काममा समेत उनीहरू दत्तचित्त थिए। साथै, हिन्दुत्ववादी विचारधारालाई राजनीतिक स्वरुप दिंदै चुनाव मार्फत शक्ति हत्याउने काममा समेत उनीहरूको सक्रियता बढ्यो। अद्यापि त्यो क्रम जारी छ।

एउटा सामान्य व्यावसायिक प्रकाशन आफैंमा राजनीतिक र सांस्कृतिक प्रतिष्ठान बन्न मुश्किल हुन्छ। गीता प्रेस हिन्दुत्ववादी आन्दोलनको केन्द्र हो। गीता प्रेस फैलिएर गीता वाटिका नै बन्यो, त्यस्तो वाटिका जहाँ राजनीतिक फूल फुल्छ, ती फूलका वासनाको तीव्र प्रसार हुन्छ र त्यसले सिंगो भारतीय समाजलाई तरंगित तुल्याउँछ।

लेखक अक्षय मुकुलका अनुसार धर्म प्रचारमा लगभग *बाइबल सोसाइटी* को हाराहारी प्रभाव पार्न सक्ने संस्था हो– गीता प्रेस। सो संस्थाको अध्ययन– वर्तमान भारतीय लोकतन्त्र अघिल्तिर चुनौतीका रूपमा खडा भएको बलियो हिन्दुत्ववाद बुझ्ने एउटा सानो आँखीझ्याल हो। आँखीझ्यालबाट देखिएको दृश्य पूर्ण हुन सक्दैन तर जति गोचर हुन्छ त्यो कम महत्त्वको पनि हुँदैन। 📖

*प्रसाई लेखक एवं स्तम्भकार हुन्।*

# जात, धर्म र विद्रोहको अन्तरसम्बन्ध




पुस्तक : *एन्टस् अमङ्ग इलिफ्याण्टस् : आएन अनटचेबल फेमिली एण्ड द मेकिङ्ग अफ मोडर्न इण्डिया*
लेखक : सुजाथा गिड्ला
प्रकाशक : फरार स्ट्रेअस, जिरोक्स
पृष्ठ : ३२०+
मूल्य : १३ यूएस डलर
ISBN : 978-0-86547-811-4

समीक्षक : **आदित्य अधिकारी**

संस्मरण विधामा लेखिएको महत्त्वपूर्ण पुस्तक हो, *एन्टस् अमङ्ग इलिफ्याण्टस् : आएन अनटचेबल फेमिली एण्ड द मेकिङ्ग अफ मोडर्न इण्डिया*। पुस्तकले आन्ध्रप्रदेश, भारतको एक दलित परिवारको तीन पुस्ताको कथालाई समेटेको छ। पुस्तकमा जातकै कारण अलग-थलग पारिएका मान्छेको जीवन र तिनको संघर्ष प्रस्तुत छ। साथै, पुस्तकबाट पाठकले भारतको सन् १९४० यताको स्वतन्त्रता आन्दोलन, त्यसपछिका भाषामा आधारित राज्य सम्बन्धी अन्य अभियान र तेलंगानाको वामपन्थी आन्दोलन पछि गएर कसरी माओवादी आन्दोलन बन्न पुग्यो भन्ने पर्याप्त विवरण र जानकारी पाउँछन्। दलित समुदायको हेराइमा आधारित भएर प्रस्तुत गरिएको यस किताबको विवरण भारतको इतिहासबारे लेखिएका परम्परागत प्रस्तुतिभन्दा भिन्न छ।

झण्डै ५० वर्षको कालखण्ड समेटेको यो पुस्तकका दुई सूत्रधार हुन्– लेखकका मामा के.जी. सत्यमूर्ति र आमा मञ्जुला। सत्यमूर्ति र मञ्जुलाको जन्म तिनको जात र समुदायका आम सदस्यको भन्दा सम्पन्न सामाजिक परिवेशमा भएको थियो। तिनका अभिभावकले क्रिश्चियन धर्म अँगालेका थिए र सन्तानको शिक्षाका लागि समर्पित थिए। यो पुस्तकले पछिल्ला दिनमा भारतमा दलितहरूले किन क्रिश्चियन धर्म रुचाएका छन् भन्ने प्रश्नको जवाफका रूपमा थुप्रै कारण र दृष्टान्त प्रस्तुत गरेको छ। त्यस्ता धेरैमध्ये एउटा कारण वस्तुगत फाइदा हो। क्रिश्चियन समुदायले नयाँ सदस्यहरूलाई शिक्षा पाउन सहयोग उपलब्ध गराउँछन् जसले तिनलाई आधुनिक अर्थ व्यवस्थामा सहभागी हुन सक्षम बनाउँछ। साथै, लेखक गिड्ला के पनि भन्छिन् भने– 'ईश्वरको सामु हरेक व्यक्तिबीच समानतालाई महत्त्व दिएर क्रिश्चियन धर्मले दलितहरूलाई एक किसिमको सम्मान दिन्छ।'

तर युवा अवस्थामा प्रवेश गरेपछि लेखकका मामा सत्यमूर्ति क्रिश्चियन धर्म परित्याग गर्छन्। सो धर्मले सिकाएको नम्रता र डर मान्ने व्यवहारलाई उनी मन पराउँदैनन्। उनी सानै उमेरदेखि राजनीतिक संघर्षमा संलग्न थिए, बेलायतबाट भारतलाई स्वतन्त्र तुल्याउने आन्दोलनमा समेत। तर पछि तेलंगानाका निजामसित संघर्ष शुरू भएपछि उनी साम्यवादी बन्छन्। उनी जस्ता दलितका लागि त्यहाँ साम्यवादले क्रिश्चियन धर्मको स्थान लिन थाल्छ, आफ्नो सामाजिक हक दावी गर्न। सत्यमूर्ति झन् समर्पित साम्यवादी अभियानकारी र पछि गएर भूमिगत 'पिपुल्स वार ग्रुप' को माथिल्लो तहको नेता बन्छन्। दक्षिण भारतीय साम्यवादी आन्दोलनको संस्कृति र विरासत, त्यसले स्टालिन र माओप्रति राख्ने दृष्टिकोण; त्यो आन्दोलनलाई सहयोग गर्ने कवि, लेखक र भारतीय राज्य व्यवस्थासित सम्बन्धको विवरण बुझ्न प्रस्तुत पुस्तक निकै उपयोगी छ।

सत्यमूर्ति पुस्तकको एउटा महत्त्वपूर्ण पात्र भए पनि त्यसको वास्तविक नायक चाहिं लेखककी आमा मञ्जुला हुन्। केटाकेटी उमेरदेखि नै मञ्जुला आफ्नो दाजु के.जी. सत्यमूर्तिबाट प्रभावित थिइन् र उनको राजनीतिलाई पनि पछ्याउँथिन्। पिताले मञ्जुलालाई अध्ययन गर्न प्रोत्साहन गर्छन्। मञ्जुलाले बनारस हिन्दू विश्वविद्यालयबाट इतिहास विषयमा डिग्री हासिल गर्छिन्। तर महिला भएको हुँदा उनले आफ्ना दाजुभाइ जस्तो स्वतन्त्रता पाउँदिनन्। पितृसत्तात्मक समाजका नियम कानूनबाट उनी बाँधिन्छिन्। आफ्ना दाजुभाइ र श्रीमान्को परिवारको प्रभुत्व स्वीकार्छिन्। पतिको घरको सास्ती र छोराछोरी हुर्काउन उनले भोग्नु परेको पीडालाई पुस्तकले संवेदनशील ढंगले प्रस्तुत गरेको छ।

गिड्लाको लेखनको सबैभन्दा सबल पक्ष उनको निरन्तर खोज-पड्ताल गर्ने र त्यसलाई विश्लेषणात्मक ढंगले प्रस्तुत गर्ने जाँगर र सीप हो। मार्क्सवादबाट प्रभावित भए पनि पुस्तकमा त्यो विचारधारा प्रस्तुत गर्न उनी त्यति चासो देखाउँदिनन्। उनी आफ्नो कलमलाई आफ्ना मामा, आमा र अरू सम्बन्धितहरूको जीवनका कथा कोर्न प्रयोग गर्छिन्। पुस्तकको शुरूमा उनी आफ्नो शोध विधि बताउँछिन्। धेरै वर्षसम्म उनले पुस्तकका पात्रहरूबारे अरूसित गरेका छलफल रेकर्ड गरिन्। अन्तर्वार्तालाई लिपिबद्ध गरेपछि उनका ती पात्रका जीवनका विभिन्न पाटाबारे थप अध्ययन र खोजबिन गरिन्। शायद यसैकारण, इतिहासका अन्य पुस्तकमा नपाइने गहिरोपन गिड्लाको शब्दविन्यासमा पाइन्छ।

आफ्ना समुदायका सदस्यले भोगेका पीडाबारे लेख्न पनि गिड्ला त्यति चासो देखाउँदिनन्। हो, जात उनको आख्यानको केन्द्रविन्दुमा छ र त्यसमा भारतीय समाजमा रहेको दलितको स्थितिबारे आक्रोश पनि भेटिन्छ। तर गिड्ला भारतीय समाजमा विद्यमान सामाजिक दमनको मात्र कुरा नगरी, २०औं शताब्दीको भारतका विभिन्न पक्षबारे चर्चा गर्छिन्। उनी दलितहरूलाई पीडितको रूपमा मात्र

**दक्षिण भारतीय साम्यवादी आन्दोलनको संस्कृति र विरासत, त्यसले स्टालिन र माओप्रति राख्ने दृष्टिकोण; त्यो आन्दोलनलाई सहयोग गर्ने कवि, लेखक र भारतीय राज्य व्यवस्थासित सम्बन्धको विवरण बुझ्न प्रस्तुत पुस्तक निकै उपयोगी छ।**

**यो पुस्तकले पछिल्ला दिनमा भारतमा दलितहरूले किन क्रिश्चियन धर्म रुचाएका छन् भन्ने प्रश्नको जवाफका रूपमा थुप्रै कारण र दृष्टान्त प्रस्तुत गरेको छ। त्यस्ता धेरैमध्ये एउटा कारण वस्तुगत फाइदा हो। साथै, लेखक गिड्ला थप्छिन्– 'क्रिश्चियन धर्मले दलितहरूलाई एक किसिमको सम्मान पनि दिन्छ।'**

मान्न तयार छैनन्, उनका पात्रहरू विश्वका सक्रिय सहभागी हुन् जसलाई उनी दयाको आँखाले हेर्दिनन्। आफ्ना नातेदारबारे लेख्दा गिड्ला भिन्नै बाटो लिन्छिन्। उनी तिनको गल्ती र कमी-कमजोरीबारे जति स्पष्ट छिन् त्यति आफ्नो जातको कारण भोग्नु परेको वास्तविकताका बारे पनि छन्।

समग्रमा हेर्दा, यो पुस्तकले व्यापक सन्दर्भलाई समेटेको छ। पीडा र दुःख तर ठट्टा, सम्झना, दृढ अठोट र खुशियाली! पुस्तकको एउटा खण्डमा उनका मामाको विवाहको चर्चा छ। सो विवाह भोजबारे लेख्दै गिड्ला दलित समुदायका पुरुषहरूले एउटा सुँगुर कसरी मारे, अनि खाए भन्ने विवरण दिन्छिन्। सुँगुर मार्न अघिसरेका सबै मान्छे त्यो थाकेर नमरेसम्म खेदिरहन्छन्। धेरै लेखकले यस्ता घटनालाई सामान्य मान्दै खासै महत्त्व दिंदैनन्। तर लेखक गिड्लाका अनुसार सुँगुरलाई लखेट्ने क्रम, उनीहरूको समुदायको यो एउटा महत्त्वपूर्ण अवसर हो।

लेखक गिड्ला आफैं पनि पुस्तकमा एउटा छोटो भूमिका भएकी पात्र हुन्। उनले आफ्नो बाल्यकाल र आफ्नी आमाका बारेमा तेस्रो-व्यक्ति (थर्ड पर्सन) का रूपमा अर्थात् तृतीय पुरुषमा लेखेकी छन्। पुस्तकको पछिल्लो भागमा आएर मात्रै उनी आफैं (प्रथम व्यक्ति) भएर लेख्छिन्। आफ्ना मामा जस्तै उनी पनि पिपुल्स वार ग्रुपकी सहयोगी बन्छिन्। आमाको प्रोत्साहन पाएर अध्ययनमा अब्बल उनी वाराङ्गलमा इन्जिनियरिङकी विद्यार्थी बन्छिन्, त्यसपछि मद्रासस्थित इन्डियन इन्स्टिच्यूट अफ टेक्नोलोजीकी। आईआईटी, मद्रासको अध्ययन पूरा गरेपछि उनले संयुक्त राज्य अमेरिकामा अध्ययन गर्न जाने छात्रवृत्ति पाइन्।

अमेरिका जानुअघिको उनको जीवनबारे पनि पुस्तकमा केही विवरण छन्। लामो समय उनी न्यूयोर्कको एउटा बैंकमा कार्यरत रहिन्। सन् २००८ को वित्तीय सङ्कटको समयमा उनको जागिर गयो। हिजोआज उनी न्यूयोर्क शहरको मेट्रोमा काम गर्छिन्। उनी भन्छिन्, यसले उनलाई आत्मसन्तुष्टि दिन्छ। पुस्तकको दोस्रो संस्करणमा काम गर्दैछु भनेकी छिन्, गिड्लाले। यस संस्करणबाट उनी आफूबारे लेख्न त्यति अनकनाउने छैनन् भन्ने अपेक्षा गर्न सकिन्छ। निश्चय पनि उनको आफ्नै अनुभव र जीवनको यात्रा दिशा उपयोगी खुराक हुनेछ।

*अधिकारी द बूलेट एण्ड द ब्यालोट बक्स : 'द स्टोरी अफ नेपाल्स माओइष्ट रिभ्योल्युसन' पुस्तकका लेखक हुन्।*


बालबालिकालाई दण्ड दिएर होइन बुझाएर, सम्झाएर पढाऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग